# सुशासन (व्यवस्थापन तथा संचालन)

# ऐन, २०६४ को दफा (४१) को व्यवस्था अनुसार सार्वजनिक गरिएको

## आर्थिक वर्ष २०७१/७२ को

## शासकीय सुधार र सुशासन सम्बन्धी प्रतिवेदन



**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

**सिंहदरवार, काठमाण्डौ**

मितिः२०७२/०४/२८

**विषय-सुची**

| **परिच्छेद** | **विषय** |
| --- | --- |
| परिच्छेद — १ | कार्यकारी सारांश |
| परिच्छेद — २ | प्रारम्भिक, मन्त्रालयको कार्यक्षेत्र, कार्यविभाजन नियमावली |
| परिच्छेद — ३ | सम्बन्धित निकायका मुख्य उपलब्धिहरू |
| परिच्छेद — ४ | निकायगत उपलब्धिहरू |
| परिच्छेद — ५ | कार्यक्षेत्र सम्बद्ध प्रमुख समस्याहरू तथा चुनौतीहरू |
| परिच्छेद — ६ | उल्लेखित समस्याहरू तथा चुनौतीहरू समाधानका लागि चाल्नुपर्ने कदमहरू |
| परिच्छेद — ७ | कार्यक्षेत्रसम्बद्ध कुनै Thematic Areaको अध्ययन/विश्लेषणको विवरण र नतिजा |
| परिच्छेद — ८ | सार्वजनिक सक्रियताको भावी कार्यदिशा |
| अनुसूची | |

# परिच्छेद-१

## कार्यकारी सारांश

तत्कालीन शिक्षा तथा समाज कल्याण मन्त्रालयमा रहेको समाज कल्याणको कार्यक्षेत्र समेत सम्पादन गर्ने गरी वि.सं. २०५२ साल असोज ६ गते(सन् १९९५ मा) महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भएको हो । वि.स. २०५७ मा बालबालिकाको क्षेत्र समेत थप भई यस मन्त्रालयको नाम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय रहेको छ । यस मन्त्रालय अन्तर्गत महिला तथा बालबालिका विभाग, ७५ जिल्लामा महिला तथा बालबालिका कार्यालयहरु, केन्द्रीय बाल कल्याण समिति, ७५ जिल्लामा जिल्ला बाल कल्याण समितिहरु, विराटनगर, राजविराज, विरगंज र बुटवलमा गरी ४ वाल कल्याण गृहहरु तथा पशुपति वृद्धाश्रम रहेका छन् । साथै यस मन्त्रालयले राष्ट्रिय महिला आयोग तथा समाज कल्याण परिषदको सम्पर्क निकायको रुपमा समेत कार्य गर्दै आएको छ ।

सामाजिक क्षेत्रमा यस मन्त्रालयले नीति तर्जुमा, अन्य मन्त्रालयसँग समन्वय, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन र सामाजिक विकासका कार्यक्रमहरु संचालन गर्दै आएको छ। हालका दिनहरुमा मानव अधिकारका सिद्धान्तमा आधारित रही यस मन्त्रालयले सामाजिक विकासको क्षेत्रमा सवल र अनुकूल वातावरण सिर्जना गर्ने प्रयास गरिरहेको छ । यसरी सिर्जना भइरहेको अनुकूल वातावरणबाट समाजमा कमजोर एवं पछाडी परेका वर्गले अधिकतम लाभ लिन सकुन् भन्ने अभिप्रायले यस मन्त्रालयले सशक्तीकरण, संरक्षण, समावेशीकरण, क्षमता अभिवृद्धि तथा आर्थिक-सामाजिक सुधारका कार्यक्रमहरु संचालन गर्दै आएको छ ।साथै विभेद रहेका कानूनको सुधार, राष्ट्रिय कार्ययोजनाहरुको तर्जुमा, उपलव्धिपूर्ण कार्यक्रमहरुको विस्तार, सामाजिक आवश्यकतानुसारका नयाँ कार्यक्रमहरु संचालन गर्ने रणनीति

अवलम्बन गरेको छ । नागरिक समाजलाई सामाजिक परिचालनका लागि साझेदार संस्थाको रुपमा विश्वाशमा लिई वकालत, पुनर्स्थापना, संजाल निर्माण, पहुँच निर्माण एवं क्षमता अभिवृद्धिका कार्यक्रम संचालनमा सक्रिय तुल्याउने प्रयास भईरहेकोछ । द्वन्द्वबाट प्रभावित, विस्थापित एवं मानव बेचविखनवाट शोषणमा परेका कमजोर वर्गलाई राहत दिन रणनैतिक, संरचनागत एवं कार्यक्रमगत प्रयासहरु गरिदै आएको छ ।

# परिच्छेद — २

## प्रारम्भिक, मन्त्रालयको कार्यक्षेत्र, कार्यविभाजन नियमावली

**प्रारम्भिकः**

जनसंख्याको दृष्टिबाट आधाभन्दा बढी हिस्सा ओगटेको महिला वर्गको सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण तथा अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकसम्बन्धी लैंगिक समानताको अवधारणालाई राज्यले आत्मसात गर्दै २०५२ सालमा पहिलो पटक महिला तथा समाज कल्याण मन्त्रालयको रुपमा यस मन्त्रालयको स्थापना भई २०५८ सालमा बालबालिकाहरुको विषयहरुलाई समेत समावेश गरी यस मन्त्रालयलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको रुपमा विस्तार गरिएको कुरा अगाडि नै उल्लेख गरिसकिएको छ। नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्दता जनाएका विषयहरुलाई सम्बोधन हुनेगरी कार्यक्रम संचालन गर्न व्यापक श्रोत परिचालन गर्नुपर्ने चुनौतीपूर्ण अवस्था रहेको छ|महिला तथा बालबालिका विभाग र जिल्लास्तरका कार्यक्रमहरुको भूमिकालाई थप विस्तार गर्नुपर्ने अवस्था हाम्रो सामु विद्यमान छ ।मन्त्रालयसँग प्रत्यक्ष रुपमा सम्बन्धित ऐन, नियम तथा राष्ट्रिय कार्ययोजना अनुसार निर्दिष्ट कार्यहरु सम्पादन गर्नुपर्ने जिम्मेवारी हामीमा रहेको छ | यस्ता विषयहरु सम्बधन गर्ने प्रयोजनका लागि दश वर्षे रणनीतिक योजना तर्जुमा गर्ने कार्य अगाडि बढिरहेको छ।तर व्यापक कार्यक्षेत्र समेटेर कार्यसम्पादन गर्नुपर्ने अवस्थामा मन्त्रालयलाई वार्षिक रुपमा उपलव्ध हुने श्रोत भने अत्यन्तै न्यून देखिन्छ।तसर्थ हालको बजेटलाई वृद्धि गर्दै लैजानुपर्ने आवश्यकता रहेको छ।

**मन्त्रालयको कार्यक्षेत्र** (नेपाल सरकार, कार्यविभाजन नियमावली, २०६९बमोजिम):

- महिला, बालबालिका, समाज कल्याण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

- महिला, बालबालिका, समाज कल्याणसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, कार्यशाला र सम्मेलनहरु,
- रणनीतिक योजना(मन्त्रालयको)
- महिला, बालबालिका, समाज कल्याण सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय, क्षेत्रीय संघ-संस्थाहरुसँग सम्पर्क र समन्वय,
- अनाथ बालबालिका, असहाय, महिला, वृद्ध, वृद्धा, अपाङ्ग र अशक्तहरुको संरक्षण,
- बालबालिकाको कल्याण,
- महिला कल्याण तथा सीप विकास,
- समाज कल्याण परिषद्,
- समाज कल्याण केन्द्रहरु,
- बालमन्दिरहरु,
- जेष्ठ नागरिकको सुरक्षा र कल्याण,
- वृद्धाश्रम,
- राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको समन्वय तथा परिचालन,
- सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका, समाज कल्याण सम्बन्धी कार्यक्रम,
- धर्मपुत्र र धर्मपुत्री,
- राष्ट्रिय महिला आयोग।

**दृष्टिकोणः**

आफ्नो मौलिक अधिकारको उपभोग गर्न विभिन्न कारणले पछि परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिक एवं लैंगिक अल्पसंख्यकहरुको अधिकार स्थापित गर्ने ।

**उद्देश्यः**

अवसरबाट वञ्चित भएका र पछाडि परेका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू समेतलाई सशक्तीकरण गर्दै राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याउने ।

**रणनीतिः**

संरक्षण र अवसरका माध्यमहरू श्रृजना गर्ने, त्यसमा पहुँचबढाउने, नीतिगत तथा कानूनी आधारहरूको व्यवस्था गर्ने जस्ता उपायहरूकोअवलम्बन गर्दै अवसरबाट वञ्चित भएका, पिछडिएका वा पछाडि परेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू समेतका अधिकार संरक्षण गरी उनीहरूलाई आर्थिक तथा सामाजिक सशक्तीकरणको माध्यमबाट राष्ट्रिय विकासको मूलाधारमा समाहित गराउने।

**रणनीतिक उद्देश्यहरूः**

- महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने, शासन प्रणाली र विकासका सबै चरणहरूमा सार्थक सहभागिता अभिवृद्धि गर्ने,
- बालबालिकाहरूको संरक्षण, वालअधिकारको संरक्षण र प्रवर्द्धन जस्ता कार्यक्रमहरू संचालन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको राज्य प्रदत्त सेवा सुविधामा पहुँच वृद्धि गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने,
- ज्येष्ठ नागरिकहरूको राज्य प्रदत्त सेवा सुविधामा पहुँच वृद्धिका साथै आर्थिक तथा सामाजिक सशक्तीकरण, संरक्षण गरी उनीहरूमा रहेको ज्ञान सीप र अनुभवको अधिकतम सदुपयोग गर्ने,
- आवश्यकतानुसार नीति निर्माण, कानुनमा सुधार तथा कार्य योजनाका माध्यमबाट लक्ष्य प्राप्त गर्ने,

**कानूनी व्यवस्था**

कार्यालयलाई निर्दिष्ट गरिएका कार्यहरु सम्पादनका लागि व्यवस्था गरिएका कानूनहरु (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, अन्तर्राष्ट्रिय सन्धि,संझौता, अनुवन्ध तथा सम्मिलनहरु),

- लैंङ्गकि समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३
- मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४ तथा नियमावली, २०६५
- ज्येष्ठ नागरिक कल्याण ऐन, २०६३ र नियमावली, २०६५
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ तथा नियमावली, २०६७
- लैंगिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०६७
- बालबालिका सम्बन्धी ऐन, २०४८
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- बालबालिका सम्बन्धी नियमावली, २०५२
- एकल महिला सुरक्षा कोष (संचालन) नियमावली, २०७०
- आपतकालीन बालउद्धार कोष (संचालन) नियमावली, २०५१
- अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१
- समाज कल्याण ऐन २०४९
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७१
- बोक्सीसम्बन्धी कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२
- महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, (CEDAW), १९७९
- महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको इच्छाधीन आलेख, १९९९
- महिला तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, १९९५ वेजिङ्ग (१२ BPFA सरोकारको क्षेत्र),
- छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६३
- पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०६८

- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित-प्रभावितहरुको संरक्षण र हेरचाह सम्बन्धी राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८
- महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको (CEDAW) कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०
- बाल अधिकार सम्बन्धी महासन्धी, १९८९
- सशस्त्र द्वन्द्वमा बालबालिका प्रयोग विरुद्ध बालअधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २०००
- बालअधिकारको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरुद्ध बालअधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २०००
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९
- संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्वर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७।६८—२०७१।७२)
- दक्षिण एशियामा बालकल्याण प्रवर्द्धनका लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि, २००२
- नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया, २०६५
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी (UNCRPD) २००६,
- अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३
- अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण निर्देशिका, २०६५
- समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन निर्देशिका, २०६६
- अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७
- वेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धी सार्क (SAARC) महासन्धी २००२
- लैङ्गिक समानता र महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना, २०६१
- लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना, (सन् २०१०)

## ➢ परिच्छेद - ३

## सम्बन्धित निकायका प्रमुख उपलब्धिहरू

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६९ अनुसार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट सम्पादन गरिएका कार्यहरूबाट मुलुकको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा योगदान पुगी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देहायका उपलब्धिहरू हासिल भएको महसुस गरिएको छ :-

- महिलाहरूको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि ऐन, नियम, निर्देशिका कार्ययोजना निर्माण भई सोको ७५ वटै जिल्लामा विभिन्न कार्यक्रमहरू मार्फत सम्बोधन भएको ।
- संविधान, आवधिक योजना तथा सरकारको न्यूनतम साझा कार्यक्रमबाट प्रतिबद्धता जनाएअनुरूप राज्यका सबै संरचना र तहहरूमा महिलाहरूको प्रतिनिधित्व बढाउने गरी देशव्यापीरूपमा कार्यक्रमहरू संचालन गरिएको ।
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि CEDAW कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना, २०६० कार्यान्वयनमा आई अन्तरराष्ट्रिय प्रतिबद्धता पूरा गर्ने अग्रसरता देखाइएको।
- जबरजस्ती श्रममा लगाउने, मानव बेचबिखन तथा ओसार पसार र वैदेशिक रोजगारीमा नेपाली महिलाहरूको सुरक्षाका सम्बन्धमा नेपालले आफ्नोस्तर अगाडी बढाउन प्रयास गरेको।
- UNCRPD लाई नेपालले स्वीकार गरी तदनुरूप नीतिगत, कानूनी र प्रकृयागत रूपमा सुधार आएको।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि ७५ जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन भएबाट उनीहरूप्रतिको सामाजिक सोचमा सकारात्मक परिवर्तन आएको।

- अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सहायक सामग्री निःशुल्क रूपमा उपलव्ध गराउन साझेदारीमा उत्पादन र वितरण कार्यक्रम संचालन गरिएको ।
- अपाङ्गता भएका व्यक्तिहरूको सहज आवगमन र पहुँचयुक्त वातावरण सिर्जना गर्न भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ कार्यान्वयनमा ल्याइएको।
- सरोकार संस्थामार्फत अपाङ्गता भएका महिलाहरूलाई शिक्षा, स्वास्थ्य र बसोबाससहितको आवासीय कार्यक्रम संचालन भएको ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि आ.व. २०७०/७१ देखि भत्ता उपलव्ध गराउने व्यवस्था भएको ।
- संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी UNCHRPD महासन्धि, १९८९ लाई नेपालले सन १९९० को १४ सेप्टेम्बरमा अनुमोदन गरेपछि बालबालिकाको अधिकार संरक्षण र सम्वर्धनको लागि विभिन्न कार्यक्रमहरू संचालन भई अधिकारप्रति सचेतना बढ्दै गएको ।
- राष्ट्रिय बाल नीति, २०६९ कार्यान्वयनमा आएको, बालबालिकासम्बन्धी दसवर्षे राष्ट्रिय कार्ययोजना लागू भएको ।
- ७५ वटै जिल्लाका महिला विकास कार्यालयहरूमा बालबालिका सम्बन्धी कार्य गर्ने व्यवस्था मिलाइएको।
- जेष्ठ नागरिकहरूको अधिकार संरक्षण गरी जीवनयापनलाई सम्मान पूर्ण बनाउन जेष्ठ नागरिक ऐन, २०६३ र नियमावली, २०६५ कार्यान्वयनमा रहको ।
- केन्द्रदेखि जिल्लातहसम्म ज्येष्ठ नागरिक कल्याण समिति गठन भई यसबाट समन्वयात्मक कार्यहरू सम्पादन भइरहेको।
- सार्वजनिक सेवामा जेष्ठ नागरिकहरूलाई सुविधा दिन यातायातका साधनमा सीट आरक्षण तथा भाडामा सहुलियत प्रदान गर्ने कार्य भइरहेको |

- जेष्ठ नागरिकहरूका लागि सहज वातावरण बनाउन दिवा सेवा केन्द्रहरू संचालन भई उनीहरूको सीप हस्तान्तरण गर्ने कार्यक्रम संचालन भइरहेको|
- जेष्ठ नागरिक उपचार कार्यक्रम संचालन भएका स्थानहरूको जीवनस्तरमा सुधार भई औसत आयुमा वृद्धि भएको।
- बालअधिकारको संरक्षण र प्रवर्धनका लागि समग्र बाल विकासको क्षेत्रमा जागरूकता आएको |
- बालबालिका उपर हुने हिंसाविरुद्धमा सार्क स्तरमा SAIEVAC मार्फत ऐक्यबद्धता जनाइ बालबालिका उपर हुने हिंसा न्यूनिकरणमा योगदान पुगेको |
- अन्तर्राष्ट्रियस्तरमा बालअधिकारको क्षेत्रमा गरिएको प्रतिबद्धताअनुरुप राष्ट्रियस्तरदेखि स्थानीयस्तरसम्म नीतिगत संरचनागत र कार्यक्रमगत व्यवस्थापन र वयस्कहरूमा आएको सचेतनाको वृद्धिद्वारा बालअधिकारको उपभोगको लागि सकारात्मक वातावरण सिर्जना भएको |
- अभिभावकविहीन बालबालिकाहरूको संरक्षण भइरहेको |
- वेसहारा, असहाय ज्येष्ठ नागरिकहरूको संरक्षणका लागि मन्त्रालयको आर्थिक सहयोगबाट ५ विकास क्षेत्रमा वृद्धाश्रम संचालन गरी असहाय ज्येष्ठ नागरिकहरूलाई सम्मानपूर्वक जीवनयापन गर्न सहयोग प्रदान गरिएको ।

  (क) पूर्वाञ्चल विकास क्षेत्र — विश्रान्ती मन्दिर मूलघाट, धनकुटा

  (ख) मध्यमाञ्चल विकास क्षेत्र — समाज कल्याण केन्द्र वृद्धाश्रम पशुपति

  (ग) पश्चिमाञ्चल विकास क्षेत्र — पश्चिमाञ्चल वृद्धाश्रम पोखरा

  (घ) मध्य पश्चिमाञ्चल विकास क्षेत्र— भेरी वृद्ध तथा असहाय सेवा केन्द्र बाँके

  (ङ) सुदूरपश्चिमाञ्चल विकास क्षेत्र — महिला तथा वृद्ध सेवा केन्द्र कंचनपुर
- ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षामा सहयोग गर्ने अभिप्रायले विविध कार्यक्रम संचालन गर्न विभिन्न गैरसरकारी संस्थाहरूलाई चालु तथा पूँजीगत अनुदान उपलब्ध गराएको ।

- ३० जिल्लामा ४८ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन गरिएको।
- ७५ जिल्लाका १५० विद्यालयमा अन्तर पुस्ता सीप हस्तान्तरण कार्यक्रम संचालन भएको।
- केन्द्रीय ज्येष्ठ नागरिक कल्याण कोषको रकम खर्च गर्ने सम्बन्धी प्रक्रिया एवं मापदण्ड, २०७२ तयार भएको।
- Social Science Research Council (SSRC) स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारको अवधारणा पत्र तयार भएको ।
- मन्त्रालय र अन्तर्गत संचालित कार्यक्रमहरूको अनुगमनलाई व्यवस्थित गर्न अनुगमन निर्देशिका निर्माण भएको ।
- मन्त्रालयका प्रगति र उपलब्धिहरुलाई संस्थागत गर्न प्रथम पटक वार्षिक प्रगति प्रतिवेदन प्रकाशन भएको ।
- महिला विकास कार्यक्रमको विस्तार गरी सबै गाउँ विकास समितिमा पुर्‍याईएको, लक्षित समूह अन्तर्गत ९३७०० जनाको सहभागिता भएको ।
- अपाङ्गता भएका पूर्ण अशक्त व्यक्तिहरूका लागि पुनर्स्थापना केन्द्र सञ्चालनमा ल्याइएको।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ विकास क्षेत्रमा रा.प. अनंकित स्तरको लोकसेवा तयारी कक्षा सञ्चालन गरिएको ।
- ७५ जिल्लाहरूमा सि.बि.आर. (समुदायमा आधारित पुरास्थापना) कार्यक्रम र हेल्पडेक्स सञ्चालन गरिएको ।
- UNCRPD को कार्यान्वयनका लागि अपाङ्ग भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरूलाई विभिन्न कार्यक्रम संचालन गर्न अनुदान उपलब्ध गराइएको।
- महिला माथि हुने सवैखाले विभेद तथा लैङ्गिक हिंसा अन्त्य गर्ने उधेश्यका साथ संचालित विभिन्न कार्यक्रमहरुबाट लैङ्गिक समानता कायम गर्न योगदान पुगेको ।
- मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र काठमाडौंमा स्थापना भई संचालनको कार्य अदादी बढेको |
- अपांग संरक्षण तथा कल्याण ऐन, २०३९ को सट्टामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७१ निर्माण गर्ने सिलसिलामा

कानूनको मस्यौदा तयार गरी कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।

- समाज कल्याण ऐन, २०३९ को सट्टामा नयाँ समाज कल्याण ऐन निर्माण गर्ने सिलसिलामा प्रारम्भिक मस्यौदा तयार भई विभिन्न मन्त्रालयबाट सुझाव प्राप्त भएको।
- सामाजिक कुरीति (कसुर र सजाय) नियन्त्रण ऐन, २०७२ निर्माण गर्न कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र नेपाल सरकार, मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति प्राप्त भई प्रारम्भिक मस्यौदा तयार भएको ।
- महिला मन्त्रालय सम्बद्ध कानून एवं कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ का सम्बन्धमा इलाम, पाँचथर, डडेलधुरा, डोटी, सोलुखुम्बु र काभ्रेपलान्चोक गरी कूल ६ वटा जिल्लामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको ।
- जोखिमपूर्ण अवस्थामा रहेका कतिपय बालबालिकाको उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन र पुनर्स्थापना गरिएको |
- द्वन्द्व प्रभावित र सडक बालबालिकाको उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाका लागि अध्ययन र लेखाजोखा गर्ने कार्य भईरहेको | विकासका साझेदारको सहयोगमा बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यकम सञ्चालन गरी ७५ वटै जिल्लामा थप बालअधिकार प्रवर्द्धन गर्न सहयोग ।
- सञ्चार माध्यमबाट बालबालिकासम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको प्रचारप्रसार गरी सचेतना अभिवृद्धि गरिएको | बालबालिकाको अवस्था सुधार गर्न आवासीय बालगृह र कार्यकमको अनुगमन गरिएको।
- राष्ट्रिय बालअधिकार सूचना श्रोत केन्द स्थापना गरी सञ्चालनमा ल्याइएको। साथै बालबालिकासम्बन्धी राष्टिय प्रतिवेदन, २०७१ प्रकाशनमा ल्याईएको।

- नयाँ संविधानमा बालबालिका सम्बन्धी ऐनको मस्यौदा,देवानी संहिता, फौजदारी संहितामा बालबालिकाको विषय उचित रुपले सम्बोधन हुन संबिधानसभाको सभासदलगायत व्यवस्थापिका संसद्को सम्बन्धित समितिससँग पैरवी तथा समन्वय गरिएको |
- बालअधिकार र बालबालिकासम्बन्धी कार्यकमको प्रभावकारी कार्यान्वयनका निमित्त २६ जिल्लाका बालकल्याण समितिका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधी तथा पदाधिकारी जिल्लास्थित ,सरकारी तथा गैरसरकारी निकायका कार्यालय प्रमुख र नागरिक समाजका व्यक्तित्वहरुसंग समन्वयात्मक अभिमूखीकरण गरिएको ।
- सशस्त्र द्वन्द्वबाट बढी प्रभावित २० जिल्लाका बालबालिकाको तथ्याङ्क संकलन गरिएको र सोका लागि ती जिल्लाका जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति,महिला तथा बालबालिका कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला शिक्षा कार्यालय, विभिन्न निकायका प्रमुख तथा प्रतिनिधिसँग समन्वय गरिएको |
- महिला विकास कार्यक्रमको कार्यान्वयनबाट ग्रामीण विपन्न महिलाहरूको सशक्तीकरण हुन सहयोग पुगेको।
- संस्थागत सहभागिताको माध्यमबाट नेतृत्व विकास र दिगोपनामा सहजता आएको।
- महिला समूह/समितिको सकृयताबाट लैंगिक हिंसाका घटनाहरूमा कमी हुन सहयोग पुगेको |
- विद्यालयविमुख किशोरीहरूको जीवनोपयोगी सीप सशक्तीकरणका साथै जोखिम न्यूनीकरणमा सघाउ पुगेको |

## परिच्छेद - ४

## निकायगत उपलब्धिहरू

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६९ अनुसार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट सम्पादन गरिएका कार्यहरूबाट केन्द्रीयस्तरमा प्राप्त उपलब्धिहरू (तथ्यांक)

- १०४ जना अभिभावकविहीन बालबालिकाहरू नेपाल सरकारद्वारा संचालित बाल कल्याण गृहको संचालन र संरक्षणमा रहेको
- कानूनसँग विवादमा परेका बालबालिकाहरूलाई सही आचरण र अनुशासन सिकाई बालअधिकारको दृष्टिबाट सेवा सुविधा प्रदान गर्न बाल सुधार गृह संचालन गरिएको। मोरंग, भक्तपुर र कास्कीमा रहेका वालसुधारगृहहरूले २२० जना बालबालिकाहरूलाई सेवा पुर्‍याईएको।
- नेपाल बालसंगठन (बाल मन्दिर) को आश्रयमा रहेका बालबालिकाहरुको लागि बजेट उपलब्ध गराईएको ।
- द्वन्दबाट प्रभावित ३० जना बालबालिकालाई मासिक १२०० का दरले पुनर्स्थापन खर्च उपलब्ध गराईएको।
- सिंहदरबार परिसरमा निजामती कर्मचारीको शिशुहरूका लागि दिवा शिशु स्याहार केन्द्र संचालन गरिएको, हाल केन्द्रमा ६० जना शिशु रहेका ।
- बाल बालिका ऐन,२०४८ को परिमार्जन गर्ने कार्य भइरहेको ।
- बाल विवाह अन्त्यको लागि राष्ट्रिय रणनीतिको मस्यौदा तयार भएको।
- वैकल्पिक स्याहार सम्बन्धी निर्देशिकाको मस्यौदा तयार भएको ।
- किशोर किशोरी तथा बालबालिकाको सहभागिता सम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको ।
- नेपाल टेलिभिजन र रेडियो नेपालबाट ज्येष्ठ नागरिक सरोकारका विषय सम्बन्धी कार्यक्रम संचालन गरिएको ।

- ७५ जिल्लाका सरोकारवालाहरूलाई वृद्धावस्था व्यवस्थापन सम्बन्धी तालिम ५ दिने र २ दिनको समीक्षा गोष्ठी ५ विकास क्षेत्र मा सम्पन्न गरिएको।
- संकल्प नेपाल काठमाण्डौद्वारा इन्द्रायणी गा.वि.स. मा जे.पी.प्रतिष्ठानद्वारा लप्सिफेदी गा.वि.स. मा ज्येष्ठ नागरिक ग्राम निर्माणको कार्य भइरहेको ।
- लोकसेवा आयोगबाट लिइने राजपत्र अनंकित तह तथा राजपत्रांकित तृतीय श्रेणीको मूल परीक्षामा सहभागी हुने महिला उम्मेदवारहरूलाई प्रदान गरिदैं आएको तयारी कक्षाको प्रभाव मूल्याङ्कन गरी प्रतिवेदन पेश भएको ।
- नेपाल सरकारद्वारा संचालित बालकल्याण गृहहरुको व्यवस्थापन सुधारका लागि मोरङ्ग, राजविराज, बुटवल र विरगंजमा संयुक्त अनुगमनद्वारा अध्ययन गरी प्रतिवेदन पेश गरिएको।
- मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरू संकलन तथा अद्यावधिक गरी Social Statisticsपुस्तिका प्रकाशन गरिएको ।
- अनुदान वितरण निर्देशिका पुनर्स्थापना केन्द्र सञ्चालन मापदण्ड/कार्यविधि, सहायक सामग्री उत्पादन तथा वितरण निर्देशिकाको अन्तिम मस्यौदा तयार भएको।
- ७५ जिल्लाका महिला तथा बालबालिका कार्यालयका Focal Person हरुलाई दुई दिने तालिम दिइएको ।
- नेपाल टेलिभिजन र रेडियो नेपालबाट अपाङ्गता सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन भएको ।
- एकल महिला सुरक्षा कोषको स्थापना तथा परिचालनबाट ७५ वटै जिल्लाका सामाजिक तथा आर्थिक दृष्टिकोणबाट विपन्न महिलाले राहत तथा अन्य सेवा प्राप्त गरेको ।
- अन्तर्राष्ट्रिय महिला दिवस मनाइएको | यसबाट चेतना अभिवृद्धि भई लैङ्गिक समानता तथा महिला सशक्तीकरण कायम गर्न सहयोग पुगेको ।

- २५ जना लैङ्गिक सम्पर्क व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्न दुई दिने तालिम दिईएको।
- लैङ्गिक सम्पर्क व्यक्तिहरूको बैठकबाट विभिन्न मन्त्रालय र निकाय बीच समन्वय कायम गर्न सहज भएको ।
- ५० जना महिला विकास अधिकृतहरुलाई नीति तथा कानूनी विषयमा अनुशिक्षण प्रदान गरिएको | सोबाट उनीहरुको कार्यसम्पादनमा प्रभावकारिता आएको।
- जोखिमपूर्ण अवस्थामा रहेका बालक २५६२ र बालिका २१०६ गरी ४६६८ जना बालबालिकाको आपतकालीन खोजतलास तथा उद्धार गरी राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन लगायत संस्थागत संरक्षण गरिएको।
- अनाथ बालक ६६ र बालिका ५६ गरी १२२ जनालाई उपचार, पालनपोषण तथा शैक्षिक व्यवस्थापनका लागि आर्थिक सहयोग दिइएको ।
- ४७३ वटा बालगृहहरुको अनुगमन गरी पृष्ठपोषण दिइएको ।
- ११५ वटा बालअधिकार हननका घटनाहरुको समन्वयात्मक अनुगमन गरी घटना व्यवस्थापनमा सहयोग पुर्याईएको ।
- राष्ट्रिय बालदिवस, बालअधिकार दिवस र बालश्रम विरुद्धको अन्तर्राष्टिय दिवस सरोकारवालाको सहभागितामा मनाईएको| विभिन्न समन्वय बैठकमार्फत बालबालिकाको अधिकार संरक्षण गर्न मद्दत पुगेको।
- विकासका साझेदारहरुको सहयोगमा ७५ वटै जिल्लामा बालअधिकार **संरक्षण तथा सम्वर्द्धन कार्यकम** सञ्चालन भई बालसंरक्षण र बाल सहभागितामा अभिवृद्धि गर्न सहयोग पुगेको।
- महिला विकास कार्यक्रम ७५ जिल्लाका ३२५९ गाविसमा विस्तार भएको।
- १३०७२ समूह गठन , १५८३ समिति गठन गरी ६६०९४ जना समूह सदस्यलाई अनुशिक्षण प्रदान गरिएको |

- महिला सशक्तीकरण तथा आयआर्जनसम्बन्धी सीप विकास तालिम १७५३७ जनालाई प्रदान गरिएको। त्यसैगरी ११०७२ जनाले क्षमता विकास तालिम प्राप्त गरेको ।
- किशोरी विकास कार्यक्रमअन्तर्गत ४४२१ जनालाई जीवनोपयोगी तालिम तथा ४३६४ जना किशोरीलाई सीप विकास तालिम प्रदान गरिएको ।
- ३ जिल्लामा सञ्चालित मुक्त कम्लरी सशक्तीकरण कार्यक्रमअन्तर्गत ३६ समूह गठन भई १८० जनालाई अनुशिक्षण तथा सीप विकास तालिम प्रदान गरिएको ।
- घरेलु हिंसाबाट पीडितहरूका लागि सञ्चालनमा रहेका १७ जिल्लाका १०४ सामुदायिक सेवाकेन्द्रबाट अल्पकालीन आश्रयसहितको सेवा उपलब्ध गराइएको।
- मानव बेचबिखन तथा ओसारपसारविरूद्ध गठित सबै ७५ जिल्लाका जिल्ला समितिबाट मानव बेचबिखन तथा ओसारपसारविरूद्ध सचेतनाका कार्यक्रमहरू सञ्चालन भएको |
- १४ जिल्लाका महिला तथा बालबालिका कार्यालयको भवन निर्माण कार्य भईरहेको।
- लोकसेवाबाट लिइने नेपाल प्रशासन सेवा राजपत्रांकित तृतिय श्रेणीतर्फ महिला उम्मेदवार ६०२ जना र १५ जिल्लामा राजपत्र अनंकित तर्फ ९६५ जना महिला उम्मेदवारको लागि लोकसेवा तयारी कक्षा संचालन गरिएको | साथै ५ जिल्लामा अपांगता भएका व्यक्तिहरुका लागि राजपत्र अनंकिततर्फ १६५ जना समेत गरि जम्मा १७३२ जना तयारी कक्षामा सामेल गराईएको |
- विपत व्यवस्थापन संरक्षण विषयगत क्षेत्रको नेतृत्वदायी निकायको रूपमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र जिल्लामा महिला तथा बालबालिका कार्यालयहरुले कार्य गर्दै आएका छन् | भूकम्प प्रभावित

१४ जिल्लाका ७४४२ जना सुत्केरी, गर्भवतीका लागि 'Dignity Kit', ४३०४ बालबालिकाका लागी 'Children Kit' ३१३७ जना नानीहरुका लागि 'Baby Kit', र ७७२० जना सुत्केरी, अपांगता भएका तथा ज्येष्ठ नागरिकका लागी 'Blanket' वितरण गरिएको |

- महिला तथा बालबालिका विभाग र ७५ बटै जिल्लाका महिला तथा बालबालिका कार्यालयको संगठन संरचना र दरबन्दी पुनरावलोकन गरी जनशक्ति ब्यवस्थापन गर्ने कार्य गरिएको, जसमध्ये विभागमा ५१ र ७५ जिल्ला कार्यालयका १४१३ दरबन्दी कायम भएको छ |
- ७५ जिल्लाका महिला तथा बालबालिका कार्यालयबाट बालबालिकाको बिषय हेर्नका लागि प्रशासन सेवा, सामान्य प्रशासन समूहमा रहने गरी २२ जिल्लामा बालसंरक्षण अधिकृत र ५३ जिल्लामा एक/एक जना बालसंरक्षण निरीक्षकको दरबन्दी सिर्जना भई पदपूर्ति हुने कार्य भैरहेको।
- अन्तर्राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको परियोजना सहजीकरण समितिको वैठक ८४ पटक बसी अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई सरकारको प्राथमिकता क्षेत्रमा परिचालन गर्ने गरी ४८ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुलाई साधारण सम्झौताका लागि र ५९ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसंहरुलाई कार्यक्रम सम्झौताका लागि समाज कल्याण परिषदमा सिफारिश गरिएको ।
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुमा कार्य गर्न आउने विदेशी नागरिकहरुलाई औपचारिक एवं गैरपर्यटकीय प्रवेशाज्ञाको लागि सिफारिश गरिएको ।
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुमा सहयोग स्वरुप आएका विभिन्न सामग्रीहरुमा लाग्ने भन्सार महशुल एवं मूल्य अभिबृद्धि कर छुटका लागि सिफारिश गरिएको ।

# परिच्छेद - ५

# प्रमुख समस्या तथा चुनौतीहरू

## प्रमुख समस्या

- समाजमा रहेको पितृसत्तात्मक सोच अझै कायम रहनु ।
- विकासका सबै चरणहरूमा महिलालाई सार भूत तवरलेसहभागिता गराउन नसक्नु।
- महिला विकास कार्यक्रमहरूले लक्षित सबै क्षेत्र र वर्गलाई समेट्न नसक्नु।
- लैंगिक हिंसा अन्त्यका लागि आर्थिक सशक्तीकरण र जनचेतनाको पक्ष प्रभावकारी हुन नसक्नु।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका कार्यक्रमहरुलाई एकीकृत रुपमा कार्यान्वयन गर्न नसक्नु ।
- एकीकृत तथ्यांक तथा सूचना प्रणालीको अभाव हुनु ।
- आवश्यकताअनुरूप ज्येष्ठ नागरिकसम्बन्धी कार्यक्रमहरु संचालन गर्न नसक्नु ।
- ज्येष्ठ नागरिक सम्बन्धी कार्यक्रमहरू संचालन गर्न स्रोत र साधनको अभाव हुनु ।
- ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवको उपयोग गर्ने कार्यक्रमहरूलाई व्यापकता दिन नसक्नु ।अपांगता भएका व्यक्तिहरूलाई उपलब्ध गराईएको सेवा, सुविधा न्यून रहनु ।
- अपांगता भएका व्यक्तिहरूका लागि रोजगार, स्वरोजगारका प्रवर्द्धनात्मक कार्यक्रमहरू पर्याप्त रुपमा संचालन हुन नसक्नु ।
- अपांगता सम्बन्धी सचेतना न्यून हुनु ।
- बालबालिका र किशोरकिशोरी सम्बन्धी कार्यहरूमा प्रभावकारी समन्वय र सहकार्य कायम हुन नसक्नु ।

- बालबालिका सम्बन्धी विद्यमान कानूनको कार्यान्वयन पक्ष फितलो हुनु ।
- बालश्रमको समस्या अपेक्षित रुपमा समाधान हुन नसक्नु ।
- विभिन्न कार्यक्षेत्रसँग सम्बन्धित विषयमाआवश्यक तालीमको अपर्याप्तता ।
- ज्येष्ठ नागरिकका पक्षमा विभिन्न तहमा भएका निर्णय तथा कानुनले प्रत्याभूत गरेका विषयलाई समेत पूर्णरुपमा कार्यान्वयन गर्न सकिएको छैन।
- ज्येष्ठ नागरिकको संख्या बढिरहे पनि अवस्थामा भएतपनि यसलाई संवोधन गर्न पर्याप्त श्रोत तथा साधन नहुँदा कार्यक्रमलाई व्यापकता दिन सकिएको छैन।
- ज्येष्ठ नागरिकको स्वास्थ्य, रेखदेख, सुरक्षा र पुनर्स्थापनाका लागि उपयोगी कार्यक्रम संचालन गर्न नसक्दा ज्येष्ठ नागरिकमा मनोवैज्ञानिक समस्या थपिँदै जाने संभावना रहेको छ । ।
- सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित कार्यक्रममा नियमन र समन्वय पर्याप्त नभएको।
- समुदायमा सकारात्मक भावनाको अपेक्षित विकास हुन नसक्नु ।
- ज्येष्ठ नागरिकहरूको ज्ञान,सीप र अनुभवको उपयोग गर्ने तथा अन्तर पुस्ता हस्तान्तरण कार्यक्रमहरूलाई व्यापकता दिन नसकिएको ।
- वृद्धाश्रम, आरोग्य आश्रम, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा क्लबहरूको संचालन पूर्ण व्यवस्थित र सुविधा सम्पन्न बनाउन नसक्नु ।
- महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ तथा कार्यान्वयन योजना, २०७१ ले तय गरेको उद्देश्यबमोजिम जिम्मेवार निकायहरूबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि वार्षिक कार्यक्रम मार्फत सम्बोधन हुन नसक्नु ।
- मानव बेचबिखन र वैदेशिक रोजगारमा जाँदा हुने ठगी सम्बन्धमा मानव बेचबिखन अभियोजन गर्ने निकाय तथा यस क्षेत्रमा काम गर्ने सरोकारवाला

निकायबीच अवधारणागत स्पष्टताको अभावले गर्दा पीडकहरूलाई सजायको दायरामा ल्याउन समस्या परेको ।

- विदेशबाट उद्धार गरिएका मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूलाई औपचारिक संयन्त्र तथा दुई देश बीचको MOU को अभावमा स्वदेश फिर्ता गर्न लामो समय लाग्ने गरेको ।
- खण्डीकृत तथ्याङ्कको अभावमा प्राथमिकीकरण गरी एकीकृतरुपमा सेवा सुविधा वितरण गर्न नसकिएको ।
- मन्त्रालयमा उपलब्ध गराइएको बजेट अपुग हुनु ।
- महिला तथा बालबालिका कार्यालयमा भवन, सवारी साधन तथा विभिन्न कार्यालय सामान र उपकरणको अभाव हुनु ।
- नीति, ऐन तथा नियमावलीहरु आवश्यकतानुसार परिमार्जन हुन नसक्नु ।
- स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधिको अभावहुनु ।
- विकासका सबै क्षेत्रहरुमा महिलाको सहभागिता हुन नसक्नु ।
- महिलाहरुलाई हेर्ने परम्परागत र रुढिवादी सोच अझै पनि कायमै रहनु ।
- सरकारी तथा गैरसरकारी निकायहरुमा आवश्यक मात्रामा समन्वयको अभाव हुनु ।
- अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी नहुनु ।

**प्रमुख चुनौतीहरुः**

- हालैको भूकम्पबाट अभिभावकबिहीन र संरक्षणबिहीन बालबालिकाको संरक्षण र पुनर्स्थापन गर्ने ।
- बालबालिका उपर हुने हिंसालाई न्यूनीकरण गर्ने ।
- सर्वोच्च अदालतका फैसलाहरूको कार्यान्वयन गर्नु ।
- केन्द्रमूखी र शहर केन्द्रित गतिविधि बढी हुनु ।
- सरकारी, निजी क्षेत्रको काम गराईमा समन्वय र एकरूपताको कमी ।

- वास्तविक र गरिबीको मारमा परेका अपाङ्गहरूको पहिचान गरी सामाजिक संरक्षण प्रदान गर्नु ।
- पूर्ण अशक्त/बेसहारा र बेवारिसे भएका व्यक्तिहरूलाई प्राथमिकताका आधारमा पुनर्स्थापना केन्द्रमा राख्नु ।
- अपाङ्गता सम्बन्धी आवश्यक सूचना तथा तथ्यांक अद्यावधिक गर्नु ।
- सार्वजनिक स्थल सवारी साधन तथा अन्य सेवाहरूलाई अपाङ्गमैत्री बनाउनु।
- Right based Approach का आधारमा अधिकार प्रदान गर्नु ।
- अपाङ्गताको विविधताका आधारलाई मध्यनजर गर्दै रोजगारीमा पहुँच बढाउनु ।
- ज्येष्ठ नागरिकहरुको ज्ञान,सीप, र अनुभवको उपयोग गर्ने कार्यक्रमहरुलाई व्यापकता दिनु ।
- वृद्धाश्रम, ज्येष्ठ नागरिक, दिवासेवा केन्द्र तथा क्लबहरुको संचालन व्यवस्थित गराउनु ।
- ग्रामीण तथा दुर्गम क्षेत्र र गरिबीको मारमा परेका परिवारका बालबालिका तथा किशोरीहरुलाई प्रदान गरिने सेवा, सुविधामा आशातित सुधार ल्याउनु।
- सडक बालबालिका तथा जोखिममा रहेका बालबालिकाहरुका लागि सामाजिक सुरक्षा, संरक्षण र पुनर्स्थापन गर्नु ।
- महिलाको श्रमलाई आर्थिक उपार्जनयुक्त क्रियाकलापमा परिणत गर्नु ।
- महिलालाई विकासका सबै चरणमा सारभूत सहभागित गराउनु ।
- लैंगिक हिंसाको अन्त्यका लागि आर्थिक सशक्तिकरण र जनचेतनालाई प्रभावकारी बनाउनु ।

## परिच्छेद - ६

### उल्लेखित समस्या तथा चुनौतीहरू समाधानका लागि चाल्नुपर्ने कदमहरू

- ज्येष्ठ नागरिकहरूका पक्षमा विभिन्न तहमा भएका निर्णय तथा कानूनको ज्येष्ठ नागरकहरूले प्रत्याभुति गर्नेगरी कार्यान्वयन गर्ने ।
- ज्येष्ठ नागरिकमा रहेका ज्ञान र सीपको उपयोग गर्न अन्तरपुस्ता कार्यक्रमलाई व्यापक रुपमा लागू गर्ने।
- सरकारी तथा गैरसरकारी क्षेत्रद्वारा संचालित ज्येष्ठ नागरिकलक्षित कार्यक्रममा नियमन र समन्वय गर्ने।
- समुदायमा ज्येष्ठ नागरिकहरू प्रति सकारात्मक भावनाको विकासमा जोड दिने ।
- ज्येष्ठ नागरिकको संख्या बढ्दो अवस्थामा भएकोले यसलाई संवोधन गर्ने खालका कार्यक्रमहरूलाई संचालनमा ल्याउने |
- महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ तथा कार्यान्वयन योजना, २०७१ ले तय गरेको उद्देश्य बमोजिम जिम्मेवार निकायहरूबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि वार्षिक कार्यक्रम मार्फत सम्बोधन गर्ने।
- मानव बेचबिखन र वैदेशिक रोजगारमा जाँदा हुने ठगी तथा मानव बेचबिखनबीच अभियोजन गर्ने निकाय तथा यस क्षेत्रमा काम गर्ने सरोकारवाला निकायबीच अवधारणागत स्पष्टताको लागि कानून संशोधन तथा अनुशिक्षण कार्यक्रम संचालन गर्ने।
- विदेशबाट उद्धार गरिएका मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूलाई औपचारिक संयन्त्र व्यवस्था तथा दुई देशवीचको MOU का लागि आवश्यक पहल गर्ने।
- बालकल्याण समितिको कानूनी क्षेत्राधिकार बमोजिमको जनशक्ति र आर्थिक श्रोतको व्यवस्था हुनुपर्ने ।

- बालकल्याण समितिको संस्थागत विकास (सबै जिल्ला बालकल्याण समितिको छुट्टै कार्यालय भवन र कर्मचारी) कानून बमोजिम हुन व्यवहारिक अभ्यास गर्नुपर्ने ।
- मन्त्रालयमा उपलब्ध गराउने बजेटमा वृद्धि गर्दै जाने।
- महिला तथा बालबालिका कार्यालयमा आवश्यकतानुसार श्रोत र साधनको पहुँचमा विस्तार गर्दै जाने ।
- नीति, ऐन, तथा नियमावलीहरुको आवश्यकतानुसार नयाँ निर्माण र परिमार्जन गर्दै जाने ।
- विकासका सवै क्षेत्रहरुमा महिलाहरुको सहभागिता अभिवृद्धि गर्ने ।
- सरकारी तथा गैरसरकारी निकायहरुवीचको समन्वय सबल र प्रभावकारी बनाउने ।
- अनुगमन तथा मुल्यांकन प्रणालीलाई संस्थागत र प्रभावकारी बनाउने । महिला, बालबालिका तथा समाज कल्याणको क्षेत्रमा काम गरेका राष्ट्रिय, अन्तर्राष्ट्रिय र क्षेत्रीय संस्थाहरूसँग सम्पर्क र समन्वय गर्ने
- यौन अल्पसंख्यक महिला, जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्ति र टुहुरा, असहाय सडक बालबालिकाको कल्याणका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्ने ।

- ज्येष्ठ नागरिक अन्तर पुस्ता कार्यक्रमलाई व्यापक रुपमा संचालन गर्ने।
- ज्येष्ठ नागरिकहरूलाई आत्मनिर्भर बनाउन ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरू संचालन गर्ने ।
- पशुपति वृद्धाश्रमको सुदृढीकरण तथा व्यवस्थापन गर्ने ।
- ज्येष्ठ नागरिकहरूको तथ्यांक संकलन तथा प्रोफाइल अद्यावधिक गर्ने।
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले नेपालमा कार्यक्रम संचालन गर्दा महालेखा नियन्त्रक कार्यालयबाट निर्दिष्ट गरिएको वाणिज्य बैंकमा खाता संचालन गर्नु पर्ने व्यवस्थालाई कार्यान्वयन ल्याउन विशेष पहल गर्ने।

- स्रोत र साधनमा महिलाहरूको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रमहरूलाई प्राथमिकताकासाथ कार्यान्वयनमा ल्याउने ।
- मानवबेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र जिल्ला समितिहरूको सुदृढीकरण गर्दै मानव बेचविखनविरुद्धका कार्यहरुको तर्जुमा र कार्यान्वयनमा अधिकतम समन्वय कायम गर्ने ।
- स्थानीयस्तरमा आवश्यकतानुसार स्थानीय समितिहरूको गठन गरी मानव बेचविखन नियन्त्रण गर्ने ।
- औपचारिक तथा अनौपचारिक शिक्षा मार्फत व्यापक रुपमा मानव बेचविखन तथा ओसार पसार विरुद्धमा जनचेतना अभिवृद्धि गर्ने ।
- आवश्यकतानुसार विद्यमान कानून संशोधन गर्ने र नयाँ कानुनको निर्माण गर्ने।

# परिच्छेद - ७

## कार्यक्षेत्रसम्बद्ध कुनै Thematic Areaको अध्ययन/विश्लेषणको विवरण र नतिजा

- मानव बेचविखन तथा ओसारपसारको दृष्टिले संवेदनशील जिल्लाहरूका गा.वि.स. तथा न.पा मा रहेका आर्थिक सामाजिक रूपले पछाडि परेका वा जोखिममा रहेका तथा जोखिम उन्मुख क्षेत्र Area पहिचानका Desk Review को क्रममा रहेको ।
- सशस्त्र द्वन्द्वबाट बढी प्रभावित २० जिल्लाका बालबालिकाको संरक्षण, पुनर्एकीकरण तथा पुनर्स्थापनाका लागि तथ्याङ्क संकलन गरिएको ।२० जिल्लामा द्वन्द्वबाट प्रभावित बालक ९५१३ र बालिका ६६९५ गरी १६२०८ जना, द्वन्द्वबाट प्रभावित भएर विभिन्न २४ जिल्लामा सञ्चालनमा रहेका आवासीय बालगृहमा रहेका बालक १६४ र बालिका १६७ गरी ३३१ जना र विभिन्न ५ वटा शहिद प्रतिष्ठानमा रहेका बालक ८५५ र बालिका ५०९ गरी १३६४ जना रहेको पाइयो ।यसरी २० जिल्लासहित प्रतिष्ठानमा रहेका समेत गरी द्वन्द्वबाट प्रभावित भएका बालक १०५३२ र बालिका ७३७१ गरी जम्मा १७९०३ जना रहेको पाइयो ।
- काठमाडौं उपत्कामा रहेका सडक बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था र बालबालिकाको लेखाजोखा गरी उपत्यकामा १५ वटा संस्थाहरुले सडक बालबालिकाको क्षेत्रमा काम गरिरहेको पाइयो । यी १५ वटा संस्थाको सम्पर्क गृहमा १७३ जना, सामाजिकीकरण केन्द्रमा २७२ जना र सीप विकास केन्दमा ६० जना गरी जम्मा ५०५ सडक बालबालिकालाई संरक्षण तथा व्यवस्थापन गरिरहेको पाइयो । उल्लेखित १५ वटा संस्थाहरुको कूल क्षमता ९४१ जना सडक बालबालिका राख्न सक्ने देखिएकोले अझै थप ४३६ जना सडक बालबालिकालाई ती संस्थाहरुबाटै व्यवस्थापन गर्न सकिने देखिन्छ । उपत्काको विभिन्न थप २० वटा सडकहरुमा २०० जना सडक बालबालिका रहेको पाइएको छ। यसरी काठमाडौं उपत्कामा कूल ७०५ जना सडक बालबालिका रहेको पाइयो ।

# परिच्छेद - ८

## महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको भावी कार्यदिशा

- महिला, बालबालिका तथा समाज कल्याण र गैर-सरकारी संस्थाका लागि नीति तर्जुमा गर्ने, कार्यक्रमको खाका बनाउने र त्यसको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।
- महिला, बालबालिका तथा समाज कल्याणका लागि अध्ययन, अनुसन्धान, सर्भे गर्ने तथा यी विषयहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यशाला तथा सम्मेलन संचालन गर्ने |
- Gender Databaseतयार गर्ने ।
- सामाजिक विज्ञान अनुसन्धान प्रतिष्ठानको कानूनी र संस्थागत व्यवस्था गर्ने ।
- मन्त्रालयमा व्यवस्थापन सूचना प्रणाली (MIS)को स्थापना गर्ने।
- ज्येष्ठ नागरिकका पक्षमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति तथा निर्णयहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिने ।
- आयोजना तर्जुमाको क्रममा लैंगिक पद्धतिहरूको विकास, कार्यान्वयन र अनुगमन गर्ने ।
- बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- वैकल्पिक स्याहार सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने ।
- राज्यबाट प्रदान गर्ने यातायात, स्वास्थ्य जस्ता सेवा, सुविधामा ज्येष्ठ नागरिकहरूलाई प्राथमिकता दिने । त्यस्ता सुविधाहरू उपलब्ध गराउने कार्यमा निजी क्षेत्र र गैर सरकारी संस्थालाई पनि प्रोत्साहित गर्ने ।
- सार्वजनिक प्रयोगका साधन र भौतिक संरचनाहरूलाई ज्येष्ठ नागरिकमैत्री बनाउने ।
- वृद्धाश्रम निर्माण र संचालन कार्यमा निजी क्षेत्रसँग सहकार्य र साझेदारी गर्ने।
- समाज कल्याण ऐन, २०४९ को समयानुकूल सुधार गने।
- गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका कार्यक्रमलाई भूकम्प पीडित लगायत अन्य प्राथमिकता प्राप्त क्षेत्रमा संचालन गर्न प्रोत्साहित गर्ने।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको जन लेखापरीक्षण र कार्यक्रम तथा खर्चको सार्वजनिक सुनुवाइ गर्ने प्रणालीलाई अवलम्बन गर्दै लैजाने ।
- महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करणको रोकथाम एवं नियन्त्रणका लागि कानूनी संस्थागत तथा संरचनागत सुधारका उपायहरूलाई प्रभावकारी रूपले कार्यान्वयनमा ल्याउने ।
- महिला विकास कार्यक्रमको क्षेत्र विस्तार गर्दै कार्यान्वयन पक्षमा थप प्रभावकारिता ल्याउने ।
- बेचविखनमा परेका बालबालिका तथा किशोर किशोरीका लागि राहत, पुनर्स्थापन, पुनर्मिलन तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरू कार्यान्वयनमा ल्याउने।
- अन्तर्देशीय तथा आन्तरिक धर्मपुत्र धर्मपुत्री व्यवस्थापन सम्बन्धी कार्यलाई थप व्यवस्थित र पारदर्शी बनाउने ।
- किशोर किशोरीहरूका लागि जीवनउपयोगी सीप प्रदान गर्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।